PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्यूरो
बबरमहल, काठमाण्डौ ।

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-२६

**"बैदेशिक रोजगारीको आवरणमा लिबिया पुऱ्याई बेचबिखन गर्ने ब्यक्ती ५ वर्ष पछी पक्राउ"**

२०७५ सालमा दुवईमा रहेका शेखरनाथ प्रसाई समेतका प्रतिवादीहरुको योजना अनुसार पिडीतलाई लिबियामा सेक्युरिटी गार्डमा आकर्षक तलब हुने कामको प्रलोभन देखाई लिबिया पुऱ्याई पिडीतको सक्कल राहदानी जफत गरी १५ दिन सम्म उक्त कम्पनीमा बन्धक बनाई दास तुल्याई दिनको १३।१४ घण्टा सम्म कठिन काममा लगाई पारिश्रमीक समेत नदिई कम्पनीको मालिकले भने अनुसार नगरेमा शारिरीक मानसीक यातना दिँदै श्रम शोषण गरेको मुद्दाका फरार प्रतिवादीहरुको खोजतलास गर्ने क्रममा यस व्युरोको समन्वय तथा जिप्रका झापाको सहयोगमा लुकी छिपी बसिरहेको अवस्थामा मिति २०८०।११।०७ गते झापाबाट शेखरनाथ प्रसाई लाई पक्राउ गरी यस व्युरोमा ल्याई **मानव बेचबिखन तथा ओसारपसार मुद्दामा** सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट मिति २०८०।११।०८ गतेका **दिन ५ (पाँच)** को म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान कार्य भई रहेको ।

**निम्न:-**

- **पक्राउ अभियुक्त**

**नाम:-** शेखरनाथ प्रसाई, उपनाम:- रवि

**उमेर:-**४३ बर्ष

**स्थायी वतन:-** जिल्ला झापा साबिक दुवागढी गा.बि.स.वडा नं.६ हाल परिवर्तित मेचीनगर नगरपालिका वडा नं.१४ ।

**पक्राउ प्रतिवादीको फोटो**



## प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको :-

- ✓ बिपन्न र आर्थिक अवस्था कमजोर भएका जाहेरवालालाई लिबियामा सेक्यूरिटी गार्डमा राम्रो कामको माग आएको छ भनि प्रलोभन देखाई निजबाट प्रतिबादीहरुले नेरु. ४ लाख समेत लिएको खुल्न आएको ।
- ✓ सोही क्रममा पीडित दुवई पुगेपछि हाल पक्राउ परेका प्रतिवादीले भाडामा लिएको कोठामा राखी निजका पाकिस्तानी मुलको सहयोगी मोहम्मद अली लाई जिम्मा दिएको ।
- ✓ निजले पिडीतको सक्कल राहदानी र कागजातहरु जफत गर्दै पीडितलाई लिबियामा सेक्यूरिटी गार्डको काम नभई सोही ठाउँमा रहेको अल्मोदिना Painting Company मा मासिक १५०० अमेरीकी डलर कमाई हुने आकर्षक कामको प्रलोभन देखाई ट्यूनिसिया हुँदै लिबिया पठाएको ।
- ✓ लिबियाको त्रिपोली एअरपोर्टमा प्रतिवादीहरुमध्यकै सलीम नाम गरेका एजेन्टले पिडीतलाई रिसीभ गरी मिश्राता भन्ने स्थानमा रहेको उक्त paint कम्पनीको मालिकलाई बुझाएको देखिएको ।
- ✓ उक्त कम्पनीमा बिना पारिश्रमीक १५ दिन सम्म प्रयाप्त खाना नदिई फोहोर एवं दुर्गन्धीत स्थानमा रहेको साँघुरो कोठामा बन्धक बनाई राखी जबरजस्ती दिनको १३।१४ घण्टासम्म भारी सामानहरु ओसारपसार गर्ने काममा लगाएको, निजहरुले भने अनुसार काम नगरेमा शारिरीक/मानसिक यातना समेत दिने गरेको खुल्न आएको ।
- ✓ नेपालमा रहेका आफन्तले सोको जानकारी पाई News24 channel मार्फत प्रवासी नेपाली समन्वय समिति हुदै लिवियामा रहेका शान्ति स्थापनार्थ नेपाली सेना र अन्तरार्ष्ट्रिय आप्रावासी संगठन (IOM) को सहयोगमा मिति २०७६/०२/०८ गते पीडितको उद्दार भएको ।
- ✓ उल्लेखित मुद्दामा संलग्न प्रतिवादीहरु मध्ये १ जनाको मृत्यु भईसकेको खुल्न आएको ।
- ✓ यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य जारी रहेको ।

**मितिः-२०८०/११/०९ गते ।**

सूचना अधिकारी
प्र.ना.उ. ज्ञान बहादुर बिष्ट
सम्पर्क नं.:-९८५१२८११७३